क्षारोदो हि भवेन्मूत्रे क्षीरे क्षेरोदसागरः। सुरोदधिःश्लेष्मसंस्थो मज्जायां घृतसागरः॥ ६४॥
रसोदधि रसे विद्याच्छोणिते दधिसागरः। स्वादूदो लम्बिकास्थाने जानीयाद्विनतासुत॥ ६५॥
नादचक्रे स्थितः सूर्यो बिन्दुचक्रे च चन्द्रमाः। लोचनस्थः कुजो ज्ञेयो हृदये ज्ञः प्रकीर्तितः॥ ६६॥
विष्णुस्थाने गुरुर्विद्याच्छुक्रे शुक्रो व्यवस्थितः। नाभिस्थाने स्थितो मन्दो मुखे राहुः प्रकीर्तितः॥ ६७॥
वायुस्थाने स्थितः केतुः शरीरे ग्रहमण्डलम्। एवं सर्वस्वरूपेण चिन्तयेदात्मनस्तनुम्॥ ६८॥
सदा प्रभातसमये बद्धपद्मासनः स्थितः। षट्चक्रचिन्तनं कुर्याद्यथोक्तमजपाक्रमम्॥ ६९॥

क्षीर सागर छन्, सुरा समुद्र कफ स्थानमा छ, घृतसागर मासीमा छ॥ ६४॥ रसको समुद्र रसमा जान्नु, रगतमा दधि समुद्र छ, लम्बिका (किलकिले)मा स्वादिलो जलको (शुद्ध जल) समुद्र छ भने हे विनताका छोरा (गरुडजी) जान॥ ६५॥ अब ग्रहको निवास भन्दछु। नाद चक्रमा सूर्य छन्। बिन्दु चक्रमा चन्द्रमा, नेत्रमा मङ्गल, हृदयमा बुध जान्नु॥ ६६॥ विष्णुस्थानमा बृहस्पति छन्, शुक्र स्थानमा शुक्र रहेका छन्, नाभिस्थानमा शनिश्चर, मुखमा राहु बसेका छन्॥ ६७॥ वायुका स्थानमा केतु बसेको छ। सम्पूर्ण ग्रहहरू शरीरमा बसेका छन्। यस्तै प्रकारले सबै स्वरूपले युक्त भयेको आफ्नु शरीरको चिन्तन गरी॥ ६८॥ सदा सर्वथा प्रभात (ब्रह्ममुहूर्त) का बेलामा पद्मासन बाँधेर अजपाको जस्तो क्रम भनेको छ उही क्रमले षट् चक्रको चिन्तन गरोस्॥ ६९॥ अजपा नाम भयेकी गायत्री मुनीहरूका मोक्षकी

अजपानाम गायत्री मुनीनां मोक्षदायिनी। अस्याः सङ्कल्पमात्रेण सर्वपापैः प्रमुच्यते॥ ७०॥
शृणु तार्क्ष्य प्रवक्ष्येऽहमजपाक्रममुत्तमम्। यं कृत्वा सर्वदा जीवो जीवभावं विमुञ्चति॥ ७१॥
मूलाधारः स्वाधिष्ठानं मणिपूरकमेव च। अनाहतं विशुद्धयाख्यमाज्ञाषट्चक्रमुच्यते॥ ७२॥
मूलाधारे लिङ्गदेशे नाभ्यां हृदि च कण्ठगे। भ्रुवोर्मध्ये ब्रह्मरन्ध्रे क्रमाच्चक्राणि चिन्तयेत्॥ ७३॥
आधारं तु चतुर्दलानलसमं वासान्तवर्णाश्रय। स्वाधिष्ठानमपि प्रभाकरसमं बालान्तषट्पत्रकम्॥
रक्ताभं मणिपूरकं दशदलं डाद्यं फकारान्तकं पत्रैर्द्वादशभिरनाहतपुरं हैमं कठान्तावृतम्॥ ७४॥

दाता हुन्। यीनिको संकल्पले मात्र सबै पापबाट मुक्त हुन्छन्॥ ७०॥ हे तार्क्ष्य, अजपाको उत्तम चक्र म भन्दछु, जुन सधैं गर्नाले (जीवात्मा) जीव भावलाई (त्यग्दछ चैतन्य स्वरूपमा) प्राप्त हुन्छ॥ ७१॥ अब षट् चक्र कुन हुन् भने मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध, आज्ञा, यीनिहरूलाई षट् चक्र भन्दछन्॥ ७२॥ मूलाधार (गुदादेखि केहि माथी लिङ्गदेखि मनीलाई भन्दछन्) मा, लिङ्गस्थानमा, नाभिमा, हृदयमा, कण्ठमा, आँखि भृत्रिमा, ब्रह्मरन्ध्रमा (तालुमा) क्रमैले चक्रस्थानमा चिन्तन (ध्यान) गरोस्॥ ७३॥ आधारचक्र, चारपाते (कमल) अग्निको जस्तो वर्ण भयेको'व'देखि 'स' सम्मको वर्णले युक्त स्वाधिष्ठान पनि सूर्य जस्तो प्रकाशले युक्त 'ब' देखि 'ल' सम्मका वर्ण छः पत्र भयेको कमल युक्त मणिपुरको चक्र, रगतको वर्ण भयेको दशपाते कमल 'ड' देखि 'फ' सम्मका

पत्रैः सस्वरषोडशैः शशधरज्योतिर्विशुद्धाम्बुजं हंसेत्यक्षरयुग्मकं द्वयदलं रक्ताभमात्राम्बुजम्॥
तस्मादूर्ध्वगतं प्रभासितमिदं पद्मं सहस्रच्छदं सत्यानन्दमयं सदाशिवमयं ज्योतिर्म वंशाश्वतम्॥ ७५॥
गणेशं च विधिं विष्णुं शिवं जीवं गुरुं ततः। व्यापकं च परं ब्रह्म क्रमाच्चक्रेषु चिन्तयेत्॥ ७६॥
एकविंशसहस्राणि षट्शतान्यधिकानि च। अहोरात्रेण श्वासस्य गतिः सूक्ष्मा स्मृता बुधैः॥ ७७॥
हकारेण बहिर्याति सकारेण विशेत्पुनः। हंसो हंसेति मन्त्रेण जीवो जपति तत्त्वतः॥ ७८॥

वर्णले युक्त, बाह्रपात (कमल) ले युक्त, भयेको सुनको जस्तो कान्ति, 'क' देखि 'ठ' सम्मका वर्णले युक्त अनाहत चक्र छ॥ ७४॥ षोडश पत्रहरूले युक्त कमलमा स्वर वर्ण (अआ) हरू छन् चन्द्रमाको ज्योतिभयेको विशुद्ध नाम भयेको चक्र छ। दुई दल भयेको कमल लाल वर्ण 'हं' सः, अक्षर भयेको छ त्यहाँदेखि माथि प्रकाशमान हजारपत्र भयेको कमलमा सत्‌चित् आनन्दमय, सदा शिवमय ज्योतिमय शाश्वत (निरन्तर भयेका) लाई ध्यान गरोस्॥ ७५॥ छ चक्रमा यी देवताहरू क्रमैले बसेका छन्— गणेश विधि, (ब्रह्मा) विष्णु, शिव, जीवात्मा, गुरु। वहाँ पछी व्यापक परब्रह्मको चिन्तन गरोस्॥ ७६॥ एक्काइस हजार सय रात दिनमा मनुष्यहरूको श्वासको सूक्ष्मगति हुन्छ भनि शास्त्रवेत्ता पण्डितहरूले भनेका छन्॥ ७७॥ त्यो श्वासको गति, हकारको आफैं उच्चारण भयेर बाहिर जान्छ, सकारको उच्चारण हुदा आफैं भित्र पस्दछ। यसै मन्त्रलाई जीव (जीवात्मा) तत्त्व पूर्वक जप्तछ (यसैलाई अजपा भन्दछन्)॥ ७८॥

षट्शतं गणनाथाय षट्सहस्रं तु वेधसे। षट्सहस्रं च हरये षट्सहस्रं हराय च॥ ७९॥
जीवात्मने सहस्रं च सहस्रं गुरवे तथा। चिदात्मने सहस्रं च जपसंख्या निवेदयेत्॥ ८०॥
एतांश्चक्रगतान् ब्रह्ममयूखान् मुनयोऽमरान्। सत्संप्रदायवेत्तारश्चिन्तयन्त्यरुणादयः॥ ८१॥
शुकादयोऽपि मुनयः शिष्यानुपदिशन्ति च। अतः प्रवृत्तिं महतां ध्यात्वा ध्यायेत्सदा बुधः॥ ८२॥
कृत्वा च मानसीं पूजां सर्वचक्रेष्वनन्यधीः। ततो गुरूपदेशेन गायत्रीमजपां जपेत्॥ ८३॥
अधोमुखे ततो रन्ध्रे सहस्रदलपङ्कजे। हंसगं श्रीगुरुं ध्यायेद्वराभयकराम्बुजम्॥ ८४॥

यस्को संकल्प गर्नाले मुक्त हुन्छ। छ सय गणेशलाई, छ हजार ब्रह्मालाई, छ हजार विष्णुलाई, छ हजार शिवजीलाई॥ ७९॥ जीवलाई हजार, गुरुलाई हजार, चिदात्मालाई हजार, यसै गरी जप संख्या समर्पण गरोस्॥ ८०॥ अरूण आदि सत्‌संप्रदायलाई जान्ने अमर भयेका मुनिहरू यी चक्रहरूमा रहेका ब्रह्म मयूख (ब्रह्मस्वरूपलाई) लाई चिन्तन गर्दछन्॥ ८१॥ शुकदेव आदि मुनिहरू पनि आफ्ना शिष्यहरूलाई उपदेश गर्दछन् कि यसैले सज्जनको प्रवृत्ति विचार गरेर बुद्धिमान् जन ध्यान गरोस॥ ८२॥ यी चक्रहरूको मानसिकपूजा अन्त कतै मन न लगाई गरोस्। गुरुको उपदेश बमोजिम अजपा गायत्रीलाई जपोस्॥ ८३॥ हजार दल भयेको कमलको तल (तलतिरमुख फर्केको) मुख भयेका छिद्रमा हंस स्थानमा बसेका श्रीगुरुको वर, अभय बाहुले युक्त भयेको ध्यान गरोस्॥ ८४॥ तिनका पाठको अमृतरूपी धाराले

क्षालितं चिन्तयेद्देहं तत्पदामृतधारया। पञ्चोपचारैः संपूज्य प्रणमेत्तत्स्तवेन च॥ ८५॥
ततः कुण्डलिनीं ध्यायेदारोहादवरोहतः। षट्चक्रकृतसञ्चारां सार्धत्रिवलयां स्थिताम्॥ ८६॥
ततो ध्यायेत्सुषुम्नाख्यं धामरन्ध्राद्बहिर्गतम्। तथा तेन गता यान्ति तद्विष्णोः परमं पदम्॥ ८७॥
ततो मच्चिन्तितं रूपं स्वयंज्योतिः सनातनम्। सदानन्दं सदा ध्यायेन्मुहूर्ते ब्रह्मसंज्ञके॥ ८८॥
एवं गुरूपदेशेन मनो निश्चलतां नयेत्। न तु स्वेन प्रयत्नेन तद्विना पतनं भवेत्॥ ८९॥
अन्तर्योगं विधायैवं बहिर्योगं समाचरेत्। स्नानसन्ध्यादिकं कृत्वा कुर्याद्धरिहरार्चनम्॥ ९०॥

शरीरलाई पखालेको यस्तो चिन्तन गरोस्। पंचोपचारले पूजा गरेर ढोगोस्। तिनका स्तोत्रले स्तुति पनि गरोस्॥ ८५॥ त्यहाँ पछी कुण्डलिनीलाई ध्यान गरोस्। ती कुण्डलिनी कस्ती छन् भने तिनफेर र आधाले युक्त भयेर बसेको (इनैलाई सुषुम्ना भन्दछन्) श्वासको गतिसँगै तलमाथी गरी षट् चक्रहरूमा हिंड्दछिन्॥ ८६॥ सुषुम्ना नामको स्थान चाँही ब्रह्मरन्ध्रदेखि बाहिर त्यो बाटाबाट गयेकाहरू विष्णुको परं (श्रेष्ठ) पद (स्थान) मा जान्छन्॥ ८७॥ त्यो पद कस्तो छ भने मैले चिन्तन गरीयेको आफैं आफ ज्योतिले युक्त सनातन (एक सनातन), सदा आनन्द भयेको रूप ब्रह्ममुहूर्तमा ध्यान गरोस्॥ ८८॥ यस्ता प्रकारका गुरुका उपदेशले मन निश्चल गरोस्। गुरु विना आफैं परिश्रमले गर्नाले पतन हुँन्छ (त्यसैले आफैं न गरोस्)॥ ८९॥ यसैलाई अन्तर्योग भन्दछन्। यो गरेर बहियोंग गरोस्, स्नान, सन्ध्या, आदि कर्म गरेर हरिको पूजा गरोस्॥ ९०॥

देहाभिमानिनामन्तर्मुखी वृत्तिर्न जायते। अतस्तेषां तु मद्भक्तिः सुकरा मोक्षदायिनी॥ ९१॥
तपो योगादयो मोक्षमार्गाः सन्ति तथापि च। समीचीनस्तु मद्भक्तिमार्गः संसरतामिह॥ ९२॥
ब्रह्मादिभिश्च सर्वज्ञैरयमेव विनिश्चितः। त्रिवारं वेदशास्त्राणि विचार्य च पुनः पुनः॥ ९३॥
यज्ञादयोऽपि सद्धर्माश्चित्तशोधनकारकाः। फलरूपा च मद्भक्तिस्तां लब्ध्वा नावसीदति॥ ९४॥
एवमाचरणं तार्क्ष्य करोति सुकृती नरः। संयोगेन च मद्भक्त्या मोक्षं याति सनातम्॥ ९५॥

॥ इति श्रीगरुडपुराणे सारोद्धारे सुकृतिजनजन्माऽचरणनिरूपणं नाम पञ्चदशोऽध्यायः॥ १५॥

देहाभिमानिहरूको अन्तर्मुखी (यो षट्चक्रको ध्यान) वृति हुँदैन, यसैले तिनीहरूका निमित्त मेरी भक्ति मोक्ष दिनमा सजिली-छन्॥ ९१॥ किन भने तप, योग आदि गरेका मोक्ष (दिनेबाट) मार्ग धेरै भये तापनि मेरी भक्ति संसारीहरूलाई बढीया छन्॥ ९२॥ सर्वज्ञ भयेका ब्रह्मादिहरूले पनि वारंबार वेदशास्त्रहरू तीन पल्ट हेरी विचारी येही निश्चय गर्दा भये॥ ९३॥ यज्ञादि सद्धर्म जति छन् ती सबै चित शुद्ध गर्ने मात्र हुन्। मेरी भक्तिलाई जस्ले प्राप्त गरेको छ त्यस्ले कैले दुःखित हुनु पर्दैन॥ ९४॥ हे गरुडजी, सुकृतिजनले यस्ता प्रकारको आचरण गरे भने मेरी भक्तिका सम्बन्धले कैले नाश न हुने मोक्षमा पुग्दछन्॥ ९५॥

॥ इति श्रीगरुडपुराणे सारोद्धारे नेपाली भाषा टीकायां पञ्चदशोऽध्यायः॥ १५॥

❋ अथ षोडशोऽध्यायः ❋

गरुड उवाच —

श्रुतं मया दयासिन्धो ह्यज्ञानाज्जीविसंसृतिः। अधुना श्रोतुमिच्छामि मोक्षोपायं सनातनम्॥ १॥
भगवन् देवदेवेश शरणागतवत्सल। असारघोरसंसारे सर्वदुःखमलीमसे॥ २॥
नानाविधशरीरस्था ह्यनन्ता जीवराशयः। जायन्ते च म्रियन्ते च तेषामन्तो न विद्यते॥ ३॥
सदा दुःखातुरा एव न सुखी विद्यते क्वचित्। केनोपायेन मोक्षेश मुच्यन्ते वद मे प्रभो॥ ४॥

श्रीगरुडजी श्रीभगवान संग बिन्ती गर्दछन् —हे दयासिन्धो! मैले अज्ञानदेखि भयेका जीवको उत्पत्ति सुनें ऐले सनातन (कैले नाश नहुने) मोक्षको उपाय सुन्न इच्छा गर्दछु॥ १॥ हे भगवान, देव देवेश, हे शरणागतवत्सल,सम्पूर्ण दुःखहरूले मैलो भयेको सारवस्तु भने कुनै न भयेको घोर (डर लाग्दो) यस्तो संसारमा जीव कसरी मुक्त हुन्छन्॥ २॥ अनेक प्रकार शरीरमा अवस्था छन् अनन्त (गनि न सकिने) जीवहरूका राशि छन्। जन्मन्छन्, मर्छन्, तिनीहरूको ठेकान छैन॥ ३॥ सदा सर्वदा दुःखिभै रहेका कहिले पनि सुखि न भयेका यस्ता मनुष्यहरूको कुन उपायले (यस संसारको दुखबाट) मुक्ति हुन्छ। मोक्षका मालिक, हे प्रभो, मलाई आज्ञा होस्॥४॥

श्रीभगवानुवाच —

शृणु ताक्ष्र्य प्रवक्ष्यामि यन्मां त्वं परिपृच्छसि। यस्य श्रवणमात्रेण संसारान्मुच्यते नरः॥ ५॥
अस्ति देवः परब्रह्मस्वरूपी निष्कलः शिवः। सर्वज्ञः सर्वकर्ता च सर्वेशो निर्मलोऽद्वयः॥ ६॥
स्वयंज्योतिरनाद्यन्तो निर्विकारः परात्परः। निर्गुणः सच्चिदानन्दस्तदंशाज्जीवसंज्ञकः॥ ७॥
अनाद्यविद्योपहताद्यथाग्नौ विस्फुलिङ्गकाः। देहाद्युपाधिसंभिन्नास्ते कर्मभिरनादिभिः॥ ८॥
सुखदुःखप्रदैःपुण्यपापरूपैर्नियन्त्रिताः। तत्तज्जातियुतं देहमायुर्भोगं च कर्मजम्॥ ९॥

श्रीविष्णु भगवान् आज्ञा गर्नु हुन्छ — हे गरुडजी, जुन कुरा तिमीले मलाई सोधेका छौ त्यो तिमीलाई म भन्दछु, सुन, जुन कुरा सुन्नाले मात्र संसारबाट मनुष्य मुक्त हुन्छ॥ ५॥ देव कस्ता छन् भने परब्रह्मस्वरूपी, कला रहित शिव सर्वयज्ञ सबैका कर्ता, सम्पूर्णका मालिक, निर्मल केवल आफैं आफ प्रकाशमान, आदि अन्त्य न भयेका निराकार, सबै भन्दा पर (श्रेष्ठ), निर्गुण (सत्व, रज, तम यी तीन गुणले) रहित, सत चित् आन्द स्वरूप यीनै अंशदेखि जीव संज्ञा भयेका हुन्॥ ६-७॥ अनादि अविद्याको ठक्कर लाग्नाले आगाको झिल्का निस्के झैं आनादिकर्महरूले भिन्न भयेका देहादिका उपाधिहरू छन्॥ ८॥ सुखलाई र दुःखलाई दिनेभयेका, पुण्य र पापहरूले बाँधियेका, त्यहि त्यहि जातिमा युक्त कर्मदेखि उत्पन्न भयेका आयु भोग गर्दछन्॥ ९॥ फेरि प्रत्येक जन्ममा प्राप्त हुन्छन्। तिनीहरूको परं पद, भयेको

प्रतिजन्म प्रपद्यन्ते तेषामपि परं पुनः। ससूक्ष्मलिङ्गशरीरमामोक्षादक्षरं खग ॥ १० ॥
स्थावराःकृमयश्चाजाःपक्षिणः पशवो नराः। धार्मिकास्त्रिदशास्तद्वन्मोक्षिणश्च यथाक्रमम् ॥ ११ ॥
चतुर्विधशरीराणि धृत्वा मुक्त्वा सहस्रशः। सुकृतान्मानवो भूत्वा ज्ञानी चेन्मोक्षमाप्नुयात् ॥ १२ ॥
चतुरशीतिलक्षेषु शरीरेषु शरीरिणाम्। न मानुषं विनान्यत्र तत्त्वज्ञानं तु लभ्यते ॥ १३ ॥
अत्र जन्मसहस्राणां सहस्रैरपि कोटिभिः। कदाचिल्लभते जन्तुर्मानुष्यं पुण्यसञ्चयात् ॥ १४ ॥
सोपानभूतं मोक्षस्य मानुष्यं प्राप्य दुर्लभम्। यस्तारयति नात्मानं तस्मात्पापतरोऽत्र कः ॥ १५ ॥

सूक्ष्म लिङ्ग शरीर हे गरुडजी नाश नहुने मोक्ष प्राप्त हुन्छन् ॥ १० ॥ स्थावर भनेका (पर्वत वृक्षहरु) किरा, पशु, पक्षी, मनुष्यहरू धार्मिकहरू त्यस्तै मोक्ष इच्छा गर्ने क्रमैले। चार प्रकारका शरीरहरू धारण गरेर हजारौं (शरीर योनि) छाडेर धर्मका प्रभावले मनुष्य भयेर पनि यदि ज्ञानी छ भने मोक्ष पाउँछ ॥ ११-१२ ॥ चौरासी लाख योनिहरूमा शरीर धारीका मध्ये मनुष्य भयेर मात्र सत्यज्ञान प्राप्त हुन्छ नत्र हुँदैन ॥ १३ ॥ अब यहाँ (यस् मनुष्य लोकमा) हजारौं कडोरौं जन्महरूले पुण्यको संचय हुनाले जन्तु जो छ सो मनुष्य जन्म पाउँछ ॥ १४ ॥ यो मनुष्य योनि कस्तो छ भने मोक्षको सिंढी भयेको, यस्लाई पाइकन जुन मनुष्य आफुलाई तारदैन त्यसदेखि पापी यहाँ

नरः प्राप्योत्तमं जन्म लब्ध्वा चेन्द्रियसौष्ठवम्। न वेत्त्यात्महितं यस्तु स भवेद्ब्रह्मघातकः ॥ १६ ॥
विना देहेन कस्यापि पुरुषार्थो न विद्यते। तस्माद्देहधनं रक्षेत्पुण्यकर्माणि साधयेत् ॥ १७ ॥
रक्षयेत्सर्वदात्मानमात्मा सर्वस्य भाजनम्। रक्षणे यत्नमातिष्ठेज्जीवन् भद्राणि पश्यति ॥ १८ ॥
पुनर्ग्रामाः पुनः क्षेत्रं पुनर्वित्तं पुनर्गृहम्। पुनः शुभाशुभं कर्म न शरीरं पुनः पुनः ॥ १९ ॥
शरीररक्षणोपायाः क्रियन्ते सर्वदा बुधैः। नेच्छन्ति च पुनस्त्यागमपि कुष्ठादिरोगिणः ॥ २० ॥
तद्गोपितं स्याद्धर्मार्थं धर्मो ज्ञानार्थमेव च। ज्ञानं तु ध्यानयोगार्थमचिरात् प्रविमुच्यते ॥ २१ ॥

को छ ॥ १५ ॥ सबै भन्दा पछिल्लो जन्म मनुष्यको पायेर पनि इन्द्रियहरूका आनन्दमा रहन्छ। आफ्नो हित अहित जान्दैन भने त्यही हो ब्रह्मघाती ॥ १६ ॥ त्यस् कारणले देह नभै कसैको पनि पुरुषार्थ सिद्ध हुँदैन। देह रूपीधनको रक्षा गरोस्, अनि पुण्यकर्महरू कन साधोस् ॥ १७ ॥ सदा सर्वदा आत्माको रक्षा गरोस्, किन भने आत्मा नै सबैको भाँडो हो यस्को रक्षा गर्न प्रयत्न गरोस, किन भने बाँच्नाले सुख भोग्न पाइन्छ ॥ १८ ॥ फेरि गाऊँ, फेरि खेत, फेरि शुभ अशुभ कर्महरू पै रहन्छन्, शरीर चाँही बारंबार हुदैनन् ॥ १९ ॥ यसैले शरीर रक्षाको उपाय सदा सर्वदा पण्डितहरूले गर्दछन्। कुष्ठ रोगीहरूले पनि शरीर छोड्नलाई इच्छा गर्दैनन् ॥ २० ॥ त्यसकारणले शरीरको रक्षा धर्मकर्मका लागि गरोस्, धर्मबाट ज्ञान हुन्छ, ज्ञान पछि ध्यानयोग गरिन्छ, जुन योग गर्नाले चाँडै नै मुक्ति हुन्छ ॥ २१ ॥ यदि आफुनै

आत्मैव यदि नात्मानमहितेभ्यो निवारयेत्। कोऽन्यो हितकरस्तस्मादात्मानं तारयिष्यति॥ २२॥
इहैव नरकव्याधेश्चिकित्सां न करोति यः। गत्वा निरौषधं देशं व्याधिस्थः किं करिष्यति॥ २३॥
व्याध्रीवास्ते जरा चायुर्याति भिन्नघटाम्बुवत्। निघ्नन्ति रिपुवद्रोगास्तमाच्छ्रेयः समभ्यसेत्॥ २४॥
यावन्नाश्रयते दुःखं यावन्नायान्ति चापदः। यावन्नेन्द्रियवैकल्यं तावच्छ्रेयः समभ्यसेत्॥ २५॥
यावत्तिष्ठति देहोऽयं तावत्तत्त्वं समभ्यसेत्। सन्दीप्ते कोणभवने कूपं खनति दुर्मतिः॥ २६॥
कालो न ज्ञायते नानाकार्यैः संसारसम्भवैः। सुखं दुःखं जनो हन्त न वेत्ति हितमात्मनः॥ २७॥

आफुलाई अहित देखि रक्षा गर्दैन भने अर्को हितकारी को हुन्छ। तस्मात् आफुले नै आफैंलाई हित गराउने हुनुपर्छ॥ २२॥ नरक रूपी रोगको यहीं नै जो मनुष्य औषधी गर्दैन भने औषधी नै न भयेका देशमा गयेर रोगी के गर्न सक्नेछ (क्यै गर्न सक्तैन)॥ २३॥ बुढ्याजी कस्ति छ भने छोरा छोरी पायेकी बाघिनी जस्ति छ। आयु कस्तो छ भने फुटेको घडाइँ बगीरहन्छ। रोगहरू शत्रुलाई झैं मार्दछन् भने त्यसैले कल्याण हुने उपायको अभ्यास गरोस्॥ २४॥ जहाँसम्म दुःख आउँदैन, जहाँ सम्म आपत्ति आउँदैन, जहाँ सम्म इन्द्रियहरू विकल हुदैनन् त्यहाँ सम्ममा कल्याण हुँने उपाय गरोस्॥ २५॥ त्यसैले जहाँ सम्म देह शरीर रहन्छ त्यहाँ सम्म तत्त्वको अभ्यास गरोस्, किन भने घरमा आगो लागे पछी मति नाश भयेको मनुष्य ईनार खन्ने धमाधम गर्दछ॥ २६॥ संसारमा भयेका अनेक कामहरूले काल जान्दै

जातानार्तान्मृतानापद्ग्रस्तान् दृष्ट्वा च दुःखितान्। लोको मोहसुरां पीत्वा न बिभेति कदाचन॥ २८॥
सम्पदःस्वप्नसंकाशा यौवनं कुसुमोपमम्। तडिच्चपलमायुष्यं कस्य स्याज्जानतो धृतिः॥ २९॥
शतं जीवितमत्यल्पं निद्रालस्यैस्तदर्धकम्। बाल्यरोगजरादुःखैरल्पं तदपि निष्फलम्॥ ३०॥
प्रारब्धव्ये निरुद्योगो जागर्तव्ये प्रसुप्तकः। विश्वस्तव्यो भयस्थाने हा नरः को न हन्यते॥ ३१॥
तोयफेनसमे देहे जीवेनाक्रम्य संस्थिते। अनित्यप्रियसंवासे कथं तिष्ठति निर्भयः॥ ३२॥
अहिते हितसंज्ञः स्यादध्रुवे ध्रुवसंज्ञकः। अनर्थे चार्थविज्ञानः स्वमर्थं यो न वेत्ति सः॥ ३३॥

जान्दैन, सुख-दुःख, आफ्नो हित-अहित जान्दैन, हरे!॥ २७॥ जन्म रोगले पीडित भयेर मरेकाहरू, आपत्तिले ग्रस्त भयेका, दुखिः भयेकाहरूकन देखेर पनि मनुष्य मोहरूपी रक्सी पियेकाले पनि (कालदेखि) डराउँदैन॥ २८॥ सम्पत्ति कस्तो छ भने सपना जस्तो छ। यौवन कस्तो छ भने फूलेको फूल जस्तो छ। आयु चाँही बिजुली झैं चञ्चल छ भन्ने जान्दा जान्दै कसलाई धैर्य हुन्छ॥ २९॥ पूर्ण आयु शय वर्षको छ भने त्यो निद्रा आलस्यहरूले आधा निष्फल भो, फेरि बाल्यावस्थाले रोगले बुढ्याजी दुःखहरूले थोरै थोरै गरी त्यो पनि नाश हुन्छ॥ ३०॥ प्रारम्भ गर्ने (उद्योग गर्नेमा) मा उद्योगैछैन। जुन कुरामा जागा हुनू पर्छ उस कुरामा निधायेका छन् र विश्वास मान्नेमा भय गर्दछन् भने यस्ता मनुष्य किन मारिदैनन्॥ ३१॥ पानीको फोका समान भयेको देहमा जीव आत्माले रहेको यस्तो अनित्यलाई प्यारो मानि सहवास गर्दछ, त्यो कसरी निर्भय हुंछ (हुनै सक्तैन)॥ ३२॥ न असल भयेकोलाई असल जत्तिकै मान्ने, नाशहुने वस्तुलाई नाश न

पश्यन्नपि प्रस्खलति शृण्वन्नपि न बुद्ध्यते। पठन्नपि न जानाति देवमायाविमोहितः॥ ३४॥
तन्निमज्जज्जगदिदं गम्भीरे कालसागरे। मृत्युरोगजराग्राहैर्न कश्चिदपि बुद्ध्यते॥ ३५॥
प्रतिक्षणमयं कालःक्षीयमाणो न लभ्यते आमकुम्भ इवाम्भस्थो विशीर्णो न विभाव्यते॥ ३६॥
युज्यते वेष्ठनं वायोराकाशस्य च खण्डनम्। ग्रन्थनं च तरङ्गाणामास्था नायुषि युज्यते॥ ३७॥
पृथिवी दह्यते येन मेरुश्चापि विशीर्यते। शुष्यते सागरजलं शरीरस्य च का कथा॥ ३८॥

हुने जत्तिकै मान्दछन्, अनर्थमा अर्थ जतिकैको ज्ञान गर्ने, आफ्नो स्वार्थलाई जान्ने जत्तिको मूढ मनुष्य अर्काको हुन्छ (जो इष्ट भयेका मोक्षका दाता परमेश्वरलाई चिन्तन गर्न छोड़ी संसारको व्यवहारलाई मात्र गर्दछ॥ ३३॥ धमाधम देखी रहेछ यस्तो गर्नाले नरक जाइन्छ, यस्तो गर्नाले मुक्ति हुन्छ भन्ने तै पनि लड्दछ। सुन्दा सुन्दै पनि बुझ्दैन। त्यै कुरा पढदैछ (अज्ञानले नरक र ज्ञानले मोक्ष) ता पनि दैवी मायाले मोह भयेको क्यै पनि जान्दैन॥ ३४॥ त्यसैले यो जगत् कस्तो छ भने कालरूपी गहीरो समुद्रमा डुबेकालाई मृत्युरूपी रोग बुढ्याइँ रुपी ग्राहले डुबाउन लागेता पनि क्यै बुझ्दैन॥ ३५॥ एक एक दिन क्षणमा नाशभैरहेको काललाई देख्दैन जसरी काँचो माटाको घडामा रहेको जल वगेर गयेको विचार गर्न सकिन्न॥ ३६॥ वायुलाई बाँध्न सकिन्छ, आकाशको टुक्रा गर्न सकियेला नदीको तरङ्ग (लहर) लाई उन्न सकियेला, तर आयुष्यमा विश्वास गर्न सकिन्न॥ ३७॥ जसले पृथ्वीलाई डढाउँछन्, सुमेरु पनि नाश गर्दछ, सागरको जललाई

अपत्यं मे कलत्रं मे धनं मे बान्धवाश्च मे। जल्पन्तमिति मर्त्याजं हन्ति कालवृको बलात्॥ ३९॥
इदं कृतमिदं कार्यमिदमन्यत्कृतम् कृतम्। एवमीहासमायुक्तं कृतान्तः कुरुते वशम्॥ ४०॥
श्वः कार्यमद्य कुर्वीत पूर्वाह्णे चापराह्णिकम्। नहि मृत्युः प्रतीक्षेत कृतं वाप्यथवाकृतम्॥ ४१॥
जरादर्शितपन्थानं प्रचण्डव्याधिसैनिकम्। मृत्युशत्रु धिष्ठोऽसि त्रातारं किं न पश्यसि॥ ४२॥
तृष्णासूचीविनिर्भिन्नं सिक्तं विषयसर्पिषा। रागद्वेषानले पक्वं मृत्युरश्नाति मानवम्॥ ४३॥

सुकाउँछ भने शरीरको के कुरा छ ?॥ ३८॥ मेरा छोरा–छोरी, मेरी स्त्री, मेरो धन भाइ बन्धुहरू, यस्तो भन्दा भन्दै कालरूपी, व्वाँसोले बलजफ्ती मान्छेरूपीबाख्रालाई तत्कालै मार्दछ॥ ३९॥ यो गरें, यो गर्नु छ, यो अर्को गरेको, यो न गरेको यस्तो विचारले युक्त छँदा छँदै कृतान्त (यमराज) ले आफ्ना वश पारी हाल्दछ॥ ४०॥ त्यसैले भोलि गर्नु छ भने आज गरोस्, भरे गर्नु पर्नेलाई ऐले गरोस्। मृत्यु कस्तो छ भने यसले गरी सक्यो, यसले गरेको छैन भनि बाटो हेरेर बसी रहदैन॥ ४१॥ त्यसैले आफ्नु हित भयेका मोक्षदिने परमेश्वरलाई भक्ति पूर्वक चिन्तना गरोस्। (कालले केही थाहै नदी मार्दछ कि) बुढ्याञिले बाटो देखाये र चण्ड (डर लाग्दो) रोगहरू नै सेनाहरू (फौज) युक्त भयेको मृत्युरूपी शत्रुको अधिकारमा परेका छौ, रक्षागर्नेलाई किन हेर्दैनौ॥ ४२॥ तृष्णा रूपी सियोले छेडेर [भोगी] विषय रूपी

ग० पु० बालांश्च यौवनस्थांश्च वृद्धान् गर्भगतानपि। सर्वानाविशते मृत्युरेवंभूतमिदं जगत्॥ ४४॥ प्रे० अ०
स्वदेहमपि जीवोऽयं मुक्त्वा याति यमालयम्। स्त्रीमातृपितृपुत्रादिसंबंधःकेन हेतुना॥ ४५॥
दुःखमूलं हि संसारः स यस्यास्ति स दुःखितः तस्य त्यागःकृतो येन स सुखी नापरःक्वचित्॥ ४६॥
प्रभवं सर्वदुःखानामालयं सकलापदाम्। आश्रयं सर्वपापानां संसारं वर्जयेत्क्षणात्॥ ४७॥
लोहदारुमयैःपाशैःपुमान् बद्धोविमुच्यते। पुत्रदारमयैः पाशैर्मुच्यते न कदाचन॥ ४८॥
यावन्तः कुरुते जन्तुः संबन्धान् मनसः प्रियान्। तावन्तोऽस्य निखन्यन्ते हृदये शोकशङ्कवः॥ ४९॥

ध्यूले सेचन गरेको, राग [प्रेम] द्वेष (रिष रूपी आगामा पकायेर मनुष्यलाई खान्छ॥ ४३॥ बालकहरूलाई, जवान भयेकाहरूलाई, गर्भमा वासगरेकाहरूलाई पनि मृत्यु योनि सबैमा आवेश गर्दछ (यस्तो यो जगत् छ)॥ ४४॥ यो जीव (प्राणी) आफ्नु प्यारो शरीरलाई छाडेर यमराजका घरमा जान्छ भने स्त्री, माता, पिता, छोरा आदि कुन कारणले संबन्ध रहलान्॥ ४५॥ दुःखको मूलकारण संसार हो, जस्को छ त्यही दुःखिहो, जस्ले त्यस्को त्याग गर्न सक्यो त्यही हो सुखी अर्को कोही पनि छैन॥ ४६॥ सम्पूर्ण दुःखहरुलाई सृष्टिगर्ने सबै आपत्तिहरूको घरभयेको, सम्पूर्ण पापको आश्रय भयेको यस्तो यो संसारलाई क्षण (एकैछिनमा) त्याग गरोस्॥ ४७॥ लोहा, फलाम, काठले बनेका पाशाहरूले बाँधियेको मनुष्य फुस्कन्छ, स्वास्नी छोरा रूपी पाशाले बाँधीयेको कहीलै मुक्त हुँदैन॥ ४८॥ जो प्राणी मनका २१४

ग० पु० वञ्चिताशेषविषयैर्नित्यं लोको विनाशितः। हा हन्त विषयाहारैर्देहस्थेन्द्रियतस्करैः॥ ५०॥ प्रे० अ०
मांसलुब्धो यथा मत्स्यो लोहशङ्कुं न पश्यति। सुखलुब्धस्तथादेही यमबाधां न पश्यति॥ ५१॥
हिताहितं न जानन्तो नित्यमुन्मार्गगामिनः। कुक्षिपूरणनिष्ठा ये ते नरा नारकाः खग॥ ५२॥
निद्रादिमैथुनाहाराः सर्वेषां प्राणिनां समाः। ज्ञानवान् मानवः प्रोक्तो ज्ञानहीनः पशुः स्मृतः॥ ५३॥
प्रभाते मलमूत्राभ्यां क्षुत्तृड्भ्यो मध्यगे रवौ। रात्रौ मदननिद्राभ्यां बाध्यन्ते मूढमानवाः॥ ५४॥

प्यारा भयेका वस्तुहरू कन जति सम्बन्ध गर्दछ, त्यत्तिनै शोकका किलाहरू त्यस्का हृदयमा गाडिन्छन्॥ ४९॥ धेरै धनहरूले ठगियेर लोक (यसलोक र परलोक) नाश गर्ने, देहमा बसेका इन्द्रिय रूपी चोरहरूले विषयमा आहारले हाई हाई मारेनी मारे॥ ५०॥ मासु खान लोभी भयेको माछो (मछली) जसरी देख्दैन, त्यस्तै सुखको लोभले प्राणी यम बाधा (नरकको भोगलाई) देख्दैन॥ ५१॥ सुखदिने (हित) दुःखदिने (अहित) क्यै जान्दैन। सदा कुकर्मका बाटामा हिड्ने, भुँडी भर्ने काममा लागेका, जो मनुष्य छन् ती मनुष्यहरू नरकको भोग गर्ने हुन्। तीनैलाई नारकी भन्दछन्॥ ५२॥ निद्रा, मैथुन (स्त्री संभोग) आहार सबै देह धारीहरूमा बराबर छ, ज्ञानभएकाले मनुष्य चाँही ज्ञानी भयेको छ। ज्ञानले हीन जो छ सो पशुनै हो॥ ५३॥ प्रातःकालमा मल र मूत्रले, दिउँसो भोक प्यासले, रात्रिमा संभोग र २१५

स्वदेहधनदारादिनिरता: सर्वजन्तव:। जायन्ते च म्रियन्ते च हा हन्ताज्ञानमोहिता: ॥ ५५ ॥
तस्मात्सङ्ग: सदा त्याज्य: सर्वस्त्यक्तुं न शक्यते। महद्भि: सह कर्तव्य: सन्त: सङ्गस्य भेषजम् ॥ ५६ ॥
सत्सङ्गश्च विवेकश्च निर्मलं नयनद्वयम्। यस्य नास्ति नर:सोऽन्ध: कथं न स्यादमार्गग: ॥ ५७ ॥
स्वस्ववर्णाश्रमाचारनिरता: सर्वमानवा:। न जानन्ति परं धर्मं वृथा नश्यन्ति दाम्भिका: ॥ ५८ ॥
क्रियायासपरा: केचिद् व्रतचर्यादिसंयुता:। अज्ञानसंवृतात्मान: संचरन्ति प्रतारका: ॥ ५९ ॥

निद्राहरूले मूर्ख मनुष्यहरूलाई बाधा गर्छ (ज्ञानीलाई गर्दैन) ॥ ५४ ॥ आफ्नो देह, धन, स्त्रीहरूमा सम्पूर्ण जीवन नष्ट पारि रहेछन्। अज्ञानले मोहित भयेका कति जन्मन्छन्, कति मर्दछन् पनि हा हन्त (कत्रो खेदको कुरा हो) नाश भयेनी नाश भये ॥ ५५ ॥ त्यसो हुनाले सदा सर्वदा योनिहरूको संग त्याग गरोस्। सबै त्याग्न सकिन्न भने ठूला ज्ञानीहरूको संग गरोस् , किन भने सङ्गका औषधीले सज्जन हुन्छ ॥ ५६ ॥ सत्सङ्ग र विवेक रूपी दुइटा निर्मल नयन जस्का छैनन् यो अन्धो मनुष्य किन कुबाटो हिँड्दैनथ्यो (अवश्य हिँडदछ) ॥ ५७ ॥ सबै मनुष्य आफ्ना वर्ण, (जात ब्राह्मणादि) आश्रम (ब्रह्मचारी आदि) हरूको आचरणमा लागेका छन्, दाम्भिकहरू (घमण्डी) परधर्म [श्रेष्ठधर्म] जान्दैनन्, वृथै नाश भै रहेका छन् ॥ ५८ ॥ कोही त क्रियाकर्ममा आसक्त छन्, कोहि त व्रतहरूमा लागेका छन्। यस्ता

नाममात्रेण सन्तुष्टा: कर्मकाण्डरता नरा:। मन्त्रोच्चारणहोमाद्यैर्भ्रामिता: क्रतुविस्तरै: ॥ ६० ॥
एकभुक्तोपवासाद्यैर्नियमै: कायशोषणै:। मूढा: परोक्षमिच्छन्ति मम मायाविमोहिता: ॥ ६१ ॥
देहदण्डनमात्रेण का मुक्तिरविवेकिनाम्। वल्मीकताडनादेव मृत: कुत्र महोरग: ॥ ६२ ॥
जटाभाराजिनैर्युक्ता दाम्भिका वेषधारिण:। भ्रमन्ति ज्ञानिवल्लोके भ्रामयन्ति जनानपि ॥ ६३ ॥
संसारजसुखासक्तं ब्रह्मज्ञोस्मीति वादिनम्। कर्मब्रह्मोभयभ्रष्टं तं त्यजेदन्त्यजं यथा ॥ ६४ ॥
गृहारण्यसमा लोके गतव्रीडा दिगम्बरा:। चरन्ति गर्दभाद्याश्च विरक्तास्ते भवन्ति किम् ॥ ६५ ॥

ठगहरू आत्मालाई अज्ञानले ढाकेर संसारमा हिँडदछन् ॥ ५९ ॥ कर्मकाण्डमा आसक्त भयेका मनुष्य नाममात्रले सन्तुष्ट छन्। (स्वर्ग आदि) को मन्त्र उच्चारण गरी (जस्तै सोमयाग) अनेक यज्ञहरूको हवनहरूले भ्रमाइयेका छन् ॥ ६० ॥ कोही एक छाक खायेर, कोही उपवासहरूका नियमले शरीर सुखाउनाले मेरो मायाले मोहित भयेका मूर्खहरू परोक्ष [स्वर्गादि भोगहरूको] इच्छा गर्दछन् ॥ ६१ ॥ यस्ता अविवेकिहरूले देहलाई सजाई दिनाले मात्र के मुक्ति हुन्छ, जस्तै सर्पदेखि डरायेर धमिराको गोलोलाई चुटनाले सर्प मर्छ र [मर्दैन] ॥ ६२ ॥ जटाका भारीले मृगचर्महरूले युक्त भयेका पाखण्डी भेष धारण गर्ने संसारमा यस्ता मनुष्य ज्ञानी झैं भयेर मनुष्यहरूलाई भ्रमाउँछन् ॥ ६३ ॥ संसारको सुखमा युक्त
१९ भयेका म ब्रह्मज्ञानी हूँ भन्ने [यस्ता] मनुष्य कर्म पनि छाडेका [कर्मभ्रष्ट] ब्रह्मको उपासनादेखि पनि भ्रष्टभयेका तिनीलाई अन्त्यज (डूम) जस्तै त्यागोस् ॥ ६४ ॥ घरलाई जंगल समान गरेका, संसारमा लज्जालाई त्यागेर दिगम्बर भयेर हिड्नेहरू वस्त्रहरू केही लगाउँदैनन्, गदाहा

मृद्भस्मोद्धूलनादेव मुक्ताः स्युर्यदि मानवाः। मृद्भस्मवासी नित्यं श्वा स किं विमुक्तो भविष्यति॥ ६६॥
तृणपर्णोदकाहाराः सततं वनवासिनः। जम्बुकाखुमृगाद्यश्च तापसास्ते भवन्ति किम्॥ ६७॥
आजन्ममरणान्तं च गङ्गादितटिनीस्थिताः। मण्डूकमत्स्यप्रमुखा योगिनस्ते भवन्ति किम्॥ ६८॥
पारावताः शिलाहाराः कदाचिदपि चातकाः। न पिबन्ति महीतोयं व्रतिनस्ते भवन्ति किम्॥ ६९॥
तस्मान्नित्यादिकं कर्म लोकरञ्जनकारकम्। मोक्षस्य कारणं साक्षात्तत्त्वज्ञानं खगेश्वर॥ ७०॥
षड्दर्शनमहाकूपे पतिता पशवः खग। परमार्थं न जानन्ति पशुपाशनियन्त्रिताः॥ ७१॥

हरूझैं चर्दै हिड्दछन् भने के तिनीहरू पनि विरक्तभये ? (हुदैनन्) ॥ ६५ ॥ यदि मनुष्यहरू माटो भस्म (खरानि) घसनाले मुक्त हुन्छन् भने, खरानिमा मात्र सधै कुकुर वस्तछ भने के त्यो मुक्त भयो ॥ ६६ ॥ घाँस पातको, जलको मात्र आहार गर्ने, सधैं बनैंमा वस्ने यस्ता तपस्वी हुन्छन् भने श्याल मूसो मृगहरू पनि के तपस्वी भये ॥ ६७ ॥ जन्मेदेखि मरून् जेल गंगा आदि नदीहरूमा बस्ने योगी हुन्छन् भने माछाहरू भ्यागुता सधैं बसेका छन् के ती योगी भये ॥ ६८ ॥ त्यस्तै परेवाहरू शिलाको आहार गर्दछन्, त्यस्तै कहिले कहीं जलपान गर्ने चातकहरू (काकाकुल) के व्रतगर्नेहरु भयेका हुन्छन् (हुँदैनन्) ॥ ६९ ॥ तस्मात्कारणात् हे पक्षिराज! यी कर्महरू जति छन् संसारलाई (रंजन गर्ने भुलाउने हुन्) मोक्षका कारण होइनन्, केवल मोक्षको कारण तत्त्वज्ञान मात्र हो ॥ ७० ॥ हे गरुडजी! षडदर्शन रूपी (दर्शन

वेदशास्त्रार्णवे घोरे ऊह्यमाना इतस्ततः। षडूर्मिनिग्रहग्रस्तास्तिष्ठन्ति हि कुतार्किकाः॥ ७२॥
वेदागमपुराणज्ञः परमार्थं न वेत्ति यः। विडम्बकस्य तस्यैव तत्सर्वं काकभाषितम्॥ ७३॥
इदं ज्ञानमिदं ज्ञेयमिति चिन्तासमाकुलाः। पठन्त्यहर्निशं शास्त्रं परतत्त्वपराङ्मुखाः॥ ७४॥
वाक्यच्छन्दो निबन्धेन काव्यालङ्कारशोभिताः। चिन्तया दुःखिता मूढास्तिष्ठन्ति व्याकुलेन्द्रियाः॥ ७५॥
अन्यथा परमं तत्त्वं जनाः क्लिश्यन्ति चान्यथा। अन्यथा शास्त्रसद्भावो व्याख्यां कुर्वन्ति चान्यथा॥ ७६॥

शास्त्र न्याय, मीमांसा, सांख्य हरू) ठूलो कूपमा पशुहरू खस्तछन् परमार्थलाई श्रेष्ठ उत्तम अर्थ परमात्मा न जानी कन (किन जान्दैनन् भने) पशु पाशामा बाँधीयेका हुनाले ॥ ७१ ॥ वेदशास्त्ररूपी डर लाग्दो समुद्रमा खसेर यता उता बगेका षड् उर्मि (छ बटा लहरी, सुख दुख आदि) मा आकुल वयाकुल भयी कुतर्कना गर्नेहरू बसी रहन्छन् ॥ ७२ ॥ वेद धर्मशास्त्र पुराणहरू जान्ने परमार्थ न जान्ने जो छन् त्यो सबै कागले बोले जत्ति कै हो, त्यस्को त्यो विडम्बना (नकल) मात्र हो ॥ ७३ ॥ यो ज्ञान हो, यो जान्नु पर्ने भन्ने यस्तो चिन्ताले आकुल भयेका दिन रात शास्त्र पढी मुख्य (तत्त्वज्ञान) तत्त्वदेखि पराङ्मुख भयेका छन् ॥ ७४ ॥ वाक्य (एउटा पूरा कुरा) छन्द (श्लोक) त्यस्को निबन्ध रचनाले बनेको काव्यको अलङ्कार [उक्ति] ले शोभायमान हुनाले पनि चिन्ताले दुःखि (कसरी असल हुन्छ भन्ने मात्र) भयेका इन्द्रियहरूलाई आकुल व्याकुल गरी मूर्खहरू बस्तछन् ॥ ७५ ॥ परंतत्त्व चाँहीं अर्कै छ। प्राणीहरू अर्कातिर व्यर्थ दुःखी हुन्छन्। शास्त्रको

कथयन्त्युन्मनीभावं स्वयं नानुभवन्ति च। अहंकाररताः केचिदुपदेशादिवर्जिताः ॥ ७७ ॥
पठन्ति वेदशास्त्राणि बोधयन्ति परस्परम्। न जानन्ति परतत्त्वं दर्वी पाकरसं यथा ॥ ७८ ॥
शिरो वहति पुष्पाणि गन्धं जानाति नासिका। पठन्ति वेदशास्त्राणि दुर्लभो भावबोधकः ॥ ७९ ॥
तत्त्वमात्मस्थमज्ञात्वा मूढः शास्त्रेषु मुह्यति। गोपः कुक्षिगते छागे कूपे पश्यति दुर्मतिः ॥ ८० ॥
संसारमोहनाशाय शब्दबोधो न हि क्षमः। न निवर्तेत तिमिरं कदाचिद्दीपवार्तया ॥ ८१ ॥

मर्यादा [असलमा अकँछ] अकँ व्याख्यान अकँ थोक गर्दछन् ॥ ७६ ॥ मन्त्रलाई उन्मनी भव (जस्लाई उपशम भन्दछन् स्वयं आफै अनुभव गर्दैन किन भने अहंकारले नष्ट भयेका उपदेशहरू [सद्गुरूको उपदेशले] हीन छ। म जान्ने छँदैछु, को सँग सोधूँ [भन्ने] ॥ ७७ ॥ वेदशास्त्र पढेर आफैं आँफमा [परस्पर] छलफल पनि गर्दछन्। परं तत्व जुन हो उ चाहीं जान्दैनन्, जस्तै डाडूले पकायेका पदार्थहरूको स्वाद जान्दैन ॥ ७८ ॥ जस्तै शिरमा [कमल] सुगन्धी फूलहरू बोकेको छ, गन्ध जान्ने नाक छ, वेदशास्त्रहरू पढ्दछन् पढेर के गर्नु त्यस्को भाव [तत्त्व] जान्नु दुर्लभ छ ॥ ७९ ॥ आफूमा रहेको तत्त्वलाई न जानेर शास्त्रहरूमा मूर्ख मोहित छ, जसतै दुर्मतिभयेको गोठालो काखमा लियेको बाख्रोलाई इनारमा खोज्दछ ॥ ८० ॥ संसारको मोहनाश गर्ने शब्दहरू जान्नाले मात्र हुँदैन, जस्तै कहीं अन्धकारमा बसेर

प्रज्ञाहीनस्य पठनं यथान्धस्य च दर्पणम्। अतः प्रज्ञावतां शास्त्रं तत्वज्ञानस्य लक्षणम् ॥ ८२ ॥
इदं ज्ञानमिदं ज्ञेयं सर्वं तु श्रोतुमिच्छति। दिव्यवर्षसहस्त्रायुः शास्त्रान्तं नैव गच्छति ॥ ८३ ॥
अनेकानि च शास्त्राणि स्वल्पायुर्विघ्नकोटयः। तस्मात्सारं विजानीयात्क्षीरं हंस इवाम्भसि ॥ ८४ ॥
अभ्यस्य वेदशास्त्राणि तत्त्वं ज्ञात्वाथ बुद्धिमान्। पलालमिव धान्यार्थी सर्वशास्त्राणि संत्यजेत् ॥ ८५ ॥
यथामृतेन तृप्तस्य नाहारेण प्रयोजनम्। तत्त्वज्ञस्य तथा तार्क्ष्य न शास्त्रेण प्रयोजनम् ॥ ८६ ॥

बत्तीको कुरा गर्नाले मात्र अन्ध्यारोको नाश हुँदैन उस्तै कुरा [शब्द] जान्नाले मात्र हुँदैन ॥ ८१ ॥ जस्तो [कार्य गर्ने पर्छ] बुद्धि न भयेकाले पढ्नु, जस्तै अन्धोले ऐना हेर्नाले [आफ्नु] अनुहारको स्वरूप जान्दैन, यसै हुनाले बुद्धिमानलाई शास्त्र हो, तत्त्वज्ञानका लक्षणलाई कामदिने हुन्छ ॥ ८२ ॥ [बुद्धि छैन भने] दिव्य हजार वर्ष सम्मको आयु भये पनि यो सम्पूर्ण जान्नु पर्ने रहेछ, यो जानीयो, यो पनि सुन्नु पर्दछ, यस्ता प्रकारले शास्त्रको अन्त (पार) गर्न सक्तैन ॥ ८३ ॥ आयुभने थोरै छ, विघ्नभने करोडौं छन् शास्त्रहरू अनेक छन् तस्मात् के गरोस भने जस्तै हाँसले पानीमा मिसायेको दूध दूध छानेर खान्छ [पिउँछ] त्यस्तै गरी शास्त्रको सार वस्तु ज्ञान ग्रहण गरोस् ॥ ८४ ॥ बुद्धिमान् जो हो वेदशास्त्रहरू अभ्यासगरी तत्त्व जाने पछी संपूर्ण शास्त्रहरूलाई त्याग गर्दछ, जस्तै धान इच्छा गर्नेले पराल छोड्छ झैं छोडोस् ॥ ८५ ॥ अमृतले तृप्त भयेको मनुष्यलाई खाने कुराको प्रयोजन छैन, त्यस्तै हे गरुडजी ! तत्त्व ज्ञान भयेकालाई शास्त्रको प्रयोजन

ग० पु० गो० अ०

न वेदाध्ययनान्मुक्तिर्न शास्त्रपठनादपि। ज्ञानादेव हि कैवल्यं नान्यथा विनतात्मज ॥ ८७ ॥
नाश्रमः कारणं मुक्तेर्दर्शनानि न कारणम्। तथैव सर्वकर्माणि ज्ञानमेव हि कारणम् ॥ ८८ ॥
मुक्तिदा गुरुवागेका विद्याः सर्वा विडम्बिका। काष्ठभारसहस्रेषु ह्येकं संजीवनं परम् ॥ ८९ ॥
अद्वैतं हि शिवं प्रोक्तं क्रियायासविवर्जितम्। गुरुवक्त्रेण लभ्येत नाधीतागमकोटिभिः ॥ ९० ॥
आगमोक्तं विवेकोत्थं द्विधा ज्ञानं प्रचक्षते। शब्दब्रह्मागममयं परब्रह्मविवेकजम् ॥ ९१ ॥
अद्वैतं केचिदिच्छन्ति द्वैतमिच्छन्ति चापरे। समं तत्त्वं न जानन्ति द्वैताद्वैतविवर्जितम् ॥ ९२ ॥

छैन ॥ ८६ ॥ वेद पढ्नाले मात्र मुक्ति हुँदैन, शास्त्र पढ्नाले पनि हुँदैन। हे विनतापुत्र! ज्ञानले मात्रै कैवल्य मुक्ति हुन्छ, अरु कुनै उपाय छैन ॥८७ ॥ यस्मा आश्रम कारण छैन, दर्शन शास्त्रहरू पनि मुक्तिका कारण छैनन्, त्यस्तै सबै कर्महरूमा ज्ञान नै मुख्य कारण हुन्छ ॥८८ ॥ मुक्ति दिने गुरुको वचन एउटै छ, अरु सबै विद्या नकल गर्ने मात्र हुन्, जस्तै काठका हजारौं भारीहरूमा एउटा संजीवनीश्रेष्ठ हुन्छ ॥ ८९ ॥ कल्याणप्रद ज्ञान अद्वैत छ। सुख दुखादिहरू क्रिया का (कर्म) मिहिनेतहरूले रहित भयेको शिव (कल्याण) स्वरूप ज्ञान भनेको छ। यस्तो यो कुरा सत् गुरुका मुखारविन्दले मात्र प्राप्त हुन्छ। करोडौं वेदान्तशास्त्रहरू पढ्नाले हुँदैन ॥ ९० ॥ ज्ञान दुइ प्रकारका छन् एक शास्त्रदेखि भयेको ज्ञान, अर्को सत् असत् भन्ने विवेक देखि भयेको। त्यस्तै ब्रह्म पनि एक ब्रह्म शास्त्रीय शब्द हुन् र विवेक देखि उत्पन्न

ग० पु० गो० अ०

४ पदे बन्धमोक्षाय न ममेति ममेति च। ममेति बध्यते जन्तुर्न ममेति प्रमुच्यते ॥ ९३ ॥
तत्कर्मयन्न बन्धाय सा विद्या या विमक्तिदा। आयासायापरं कर्म विद्यान्या शिल्पनैपुणम् ॥ ९४ ॥
यावत्कर्माणि चीयन्ते यावत्संसारवासना। यावदिन्द्रियचापल्यं तावत्तत्त्वकथा कुतः ॥ ९५ ॥
यावद्देहाभिमानश्च ममता यावदेव हि। यावत्प्रयत्नवेगोस्ति यावत्सङ्कल्पकल्पना ॥ ९६ ॥
यावन्नो मानसस्थैर्यं न यावच्छास्त्रचिन्तनम्। यावन्न गुरुकारुण्यं तावत्तत्त्वकथा कुतः ॥ ९७ ॥

भयेको परब्रह्म हुन् ॥ ९१ ॥ कोही अद्वैतको इच्छा गर्दछन्, कोहीं चाँहीं द्वैतको इच्छा गर्दछन्। द्वैतभाव र अद्वैतभावले रहित भयेको समतत्त्वलाई कोही पनि जान्दैनन् ॥ ९२ ॥ यस संसारमा दुइटा पद छन् बन्धन हुने र मोक्ष हुने। ती कुन् भने मेरो भन्नाले बन्धन र न मम भन्नाले मोक्ष हुने ॥ ९३ ॥ कर्म कुन हो भने कुन गर्नाले बन्धन हुँदैन। कसलाई विद्या भन्दछन्, जुनले मुक्ति दिन्छीन्। अर्को कर्म जो हो परिश्रमका निमित्त मात्र हो, त्यसलाई कर्म भनिन्न। अर्को विद्या जुन हो कारिगरीको निपुण हुनमा कारण छन्, ती विद्या भनीन्छन् ॥ ९४ ॥ जहाँ सम्म कर्म गरिन्छ, जहाँ संसारको वासना छ, जहाँ सम्म इन्द्रियहरू चञ्चल छन्, त्यहाँ सम्म तत्त्व कथा कहाँ हुन्छ (हुँदैन) ॥ ९५ ॥ फेरि जहाँ सम्म ममता छ, जहाँ सम्म प्रयत्न गर्ने वेग छ, जहाँ सम्म कल्पना (तर्क वितर्क) छ, जहाँ सम्म मन स्थिर हुँदैन, जहाँ सम्म सत् शास्त्रको चिन्तन हुँदैन, त्यहाँ सम्म तत्त्वको कुरा हुँदै हुँदैन ॥ ९६ ॥ तपस्या, व्रत, तीर्थ, जप, होम, पुजाहरू जति छन् वेदशास्त्र, धर्म

तावत्तपो व्रतं तीर्थं जपहोमार्चनादिकम्। वेदशास्त्रागमकथा यावत्तत्त्वं न विन्दति॥ ९८॥
तस्मात्सर्वप्रयत्नेन सर्वावस्थासु सर्वदा। तत्त्वनिष्ठो भवेत्तार्क्ष्य यदीच्छेन्मोक्षमात्मनः॥ ९९॥
धर्मज्ञानप्रसूनस्य स्वर्गमोक्ष फलस्य च। तापत्रयादि सन्तप्तश्छायां मोक्षतरोः श्रयेत्॥ १००॥
तस्माज्ज्ञानेनात्मतत्त्वं विज्ञेयं श्रीगुरोर्मुखात्। सुखेन मुच्यते जन्तुर्घोरसंसारबन्धनात्॥ १०१॥
तत्त्वज्ञस्यान्तिमं कृत्यं शृणु वक्ष्यामितेऽधुना। येन मोक्षमवाप्नोति ब्रह्मनिर्वाणसंज्ञकम्॥ १०२॥
अन्तकाले तु पुरुष आगते गतसाध्वसः। छिन्द्यादसङ्गशस्त्रेण स्पृहां देहेऽनु ये च तम्॥ १०३॥

शास्त्रहरूका कुरा त्यहाँ सम्म हुन्छन्, जहाँ सम्म तत्वको कुरा प्राप्ति हुँदैनन्॥ ९७-९८॥ हे गरुडजी! यदि आफ्नो त्यस्ले सबै तिरका परिश्रमले सब अवस्थाहरूमा सधैं तत्व निष्ठ होस् (तत्वको विचार गरोस्) मोक्षको इच्छा गर्दछ भने॥ ९९॥ धर्म शास्त्ररूपी फूल भयेको स्वर्ग र मोक्षरूपी फल भयेको तीन ताप (आध्यात्मिक, आधिदैविक, आधिभौतिक) ले तातेका ई मोक्षरूपी रूखका छाहारीको आश्रय गरोस्॥ १००॥ तस्मात् (के गरोस् भने) ज्ञानद्वारा आत्मतत्व रूप श्रीगुरुका मुखारविन्दबाट जानोस् (सुनोस्)। जाम्नाले मनुष्य घोर संसारका बन्धनदेखि सुखैले मुक्त हुन्छ॥ १०१॥ अब तत्व ज्ञानिहरूले गर्ने अन्तिम कर्म तिमीलाई भन्दछु सुन, जुनले ब्रह्म निर्वाण संज्ञा वा मोक्ष पाउँछ॥ १०२॥ अन्त्य काल भयेको देखि भयहरूलाई त्याग गरेर असंग रूपी हतियारले देहका सँगमा रहेका पुत्र स्त्रीहरूको

गृहात्प्रव्रजितो धीरः पुण्यतीर्थजलाप्लुतः शुचौ विविक्त आसीनो विधिवत्कल्पितासने॥ १०४॥
अभ्यसेन्मनसा शुद्धं त्रिवृद्ब्रह्माक्षरं परम्। मनो यच्छेज्जितश्वासो ब्रह्मबीजमविस्मरन्॥ १०५॥
नियच्छेद्विषयेभ्योऽक्षान्मनसा बुद्धिसारथिः। मनः कर्मभिराक्षिप्तं शुभार्थे धारयेद्धिया॥ १०६॥
अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम्। एवं समीक्ष्य चात्मानमात्मन्याधाय निष्कले॥ १०७॥
ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्। यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्॥ १०८॥
न यत्र दाम्भिका यान्ति ज्ञानवैराग्यवर्जिताः। सुधियस्तां गतिं यान्ति तानहं कथयामि ते॥ १०९॥

इच्छा कन रोकोस्॥ १०३॥ त्यो कसरी काटिन्छ भने घरबाट हिंडेर बुद्धिमान् जो हो पुण्य तीर्थहरूका जलमा स्नान गरी शुद्ध एकान्तमा विधि पूर्वक बनायेका आसनमा बसी तत्त्वको चिन्तन गरोस्॥ १०४॥ शुद्ध तीन अक्षर (अ, उ, म) ले युक्त भयेको श्रेष्ठ ब्रह्माक्षर (ॐ) हो त्यसलाई मनले अभ्यास गरोस्। ब्रह्मको बीजलाई स्मरण गरेर मन लगाओस्॥ १०५॥ विषयहरूदेखिन् इन्द्रियहरूलाई बुद्धि रूपी सारथि भयेका मनले रोकोस्, कर्महरूले लगेको मन शुभकार्य (ब्रह्मचिन्तन) मा बुद्धिले सँगै धारण गरोस्॥ १०६॥ मै ब्रह्म हूँ परं धाम हूँ परमं पद हूँ यस्ता प्रकारले विचार गरेर कालले रहित आत्मा कन आत्मा मै राखेर विचार गरोस्॥ १०७॥ (ओं निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः॥ द्वन्द्वैर्विमुक्ताः सुख दुःखसंज्ञैर्गच्छन्त्यमूढाःपदमव्ययं तत्॥) भन्ने एकाक्षर ब्रह्मकन अभ्यास

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुखसंज्ञैर्गच्छन्त्यमूढाः पद व्ययं तत् ॥ ११० ॥
ज्ञानह्रदे सत्यजले रागद्वेषमलापहे । यः स्नाति मानसे तीर्थे स वै मोक्षमवाप्नुयात् ॥ १११ ॥
प्रौढवैराग्यमास्थाय भजते मामनन्यभाक् । पूर्णदृष्टिः प्रसन्नात्मा स वै मोक्षमवाप्नुयात् ॥ ११२ ॥
त्यक्त्वा गृहं च यस्तीर्थे निवसेन्मरणोत्सुकः । म्रियते मुक्तिक्षेत्रेषु स वै मोक्षमवाप्नुयात् ॥ ११३ ॥

गर्दै, मलाई स्मरण गर्दै जो मनुष्य शरीरलाई छाडेर जान्छ त्यो मनुष्य उत्तम गतिकन प्राप्त गर्दछ (जान्छ) ॥ १०८ ॥ जहाँ दांभिकहरू ज्ञान वैराग्यले रहित भयेका जान सक्तैनन्, जो उत्तम बुद्धिभयेका त्यस गतिमा प्राप्त हुन्छन्, म त्यो गति तिमीलाई भन्दछु ॥१०९॥ मान, मोहले रहित भयेका संगहरूलाई जितेका, विषयहरूदेखि निवृत्त भयेका, अध्यात्म विद्यामा लागेका, सुख दुःखरूपी द्वन्द्वले मुक्त भयेका, मूढ न भयेका छँदा तत् पदवाच्य अव्यय पद कन प्राप्त हुन्छन् ॥ ११० ॥ ज्ञानरूपी देह, सत्यरूपी जलमा राग र द्वेषरूपी मनलाई पखाल्दछ, जो मन रूपी तीर्थमा स्नान गर्दछ त्यो अवश्यै मोक्ष प्राप्त गर्दछ ॥ १११ ॥ ठूलो वैराग्यले युक्त भयेर मलाई एक चित्तले भज्दछ, जो पूर्ण दृष्टि प्रसन्न आत्मा भयेको छ त्यसैले मोक्ष प्राप्त गर्दछ ॥ ११२ ॥ जुन मनुष्य मर्नका इच्छाले घर छाड़ी तीर्थमा बस्तछ, त्यो पनि मुक्ति

अयोध्या मथुरा माया काशी काञ्ची ह्यवन्तिका । पुरी द्वारावती ज्ञेयाः सप्तैता मोक्षदायिकाः ॥ ११४ ॥
इति ते कथितस्तार्क्ष्य मोक्षधर्मः सनातनः । ज्ञानवैराग्यसहितं श्रुत्वा मोक्षमवाप्नुयात् ॥ ११५ ॥
मोक्षं गच्छन्ति तत्त्वज्ञा धार्मिकाः स्वर्गतिं नराः । पापिनो दुर्गतिं यान्ति संचरन्ति खगादयः ॥ ११६ ॥
इत्येवं सर्वशास्त्राणां सारोद्धारो निरूपितः । मया ते षोडशाध्यायैः किं भूयः श्रोतुमिच्छसि ॥ ११७ ॥

सूत उवाच —

एवं श्रुत्वा वचो राजन् गरुडो भगवन्मुखात् । कृताञ्जलिरुवाचेदं तं प्रणम्य मुहुर्मुहुः ॥ ११८ ॥

क्षेत्रहरूमा, मरेको अवश्य मोक्ष पाउँछ ॥ ११३ ॥ ती कुन् हुन् अयोध्या, मथुरा, माया, (हरिद्वार) काशी, काञ्ची, (शिवकाञ्ची/ विष्णु काञ्ची) अवन्तिका (उज्जैन [illegible] द्वारावती (द्वारिका) ई सात पुरी मोक्ष दाता हुन् ॥ ११४ ॥ हे गरुडजी! यो सनातन मोक्षधर्म भनें— ज्ञान वैराग्यले युक्त भयेर यसलाई सुन्नाले मोक्ष प्राप्त गर्दछ ॥ ११५ ॥ तत्वज्ञानीहरू मोक्ष हुन्छन, धार्मिकहरु स्वर्ग जान्छन्, पापीहरू दुर्गति पाउँदछन् (नरक), पक्षिहरूमै (अज्ञानी) भवसागरमा हिँडदछन् ॥ ११६ ॥ यस्ता प्रकारले सम्पूर्ण शास्त्रहरूको सारोद्धार मैले तिमीलाई सोह्र अध्यायहरूले भनें। फेरि कुन कुरा तिम्रो सुन्ने इच्छा छ भनी विष्णु भगवानबाट आज्ञा भयो ॥ ११७ ॥ सूतजी भन्नु हुन्छ, राजन्! यस्ता

भगवन् देवदेवेश श्रावयित्वा वचोऽमृतम्। तारितोऽहं त्वया नाथ भवसागरत: प्रभो॥ ११९॥
स्थितोऽस्मि गतसन्देह: कृतार्थोऽस्मि न संशय:। इत्युक्त्वा गरुडस्तूष्णीं स्थित्वा ध्यानपरोऽभवत्॥ १२०॥
स्मरणाद् दुर्गतिहर्ता पूजनयज्ञेन सद्गतेर्दाता। य:परया निजभक्त्या ददाति मुक्तिं स मां हरि: पातु ॥१२१॥

॥ इति श्रीगरुडपुराणे सारोद्धारे भगवद्गरुडसंवादे मोक्षधर्मनिरूपणं नाम षोडशोऽध्याय:॥ १६॥

प्रकारको वचन भगवानका मुखारविन्ददेखि सुनेर (हात जोडी) श्रीविष्णु भगवानलाई बारंबार दण्डवत् गरेर यो विन्ति गरे। हे भगवान् ! हे देवदेवेश! वचन रूपी अमृत सुनायेर हजुरले भवसागरदेखि, हे प्रभो! हे नाथ! तारि दिनुभयो॥ ११८-११९॥ अब संदेहै छैन, कृतार्थ भयें सन्देहै छैन, यस्तो भनेर गरुड चुप लागी बसेर ध्यान गर्न थाले॥ १२०॥ स्मरणगर्नाले दुर्गतिलाई नाश गर्ने पूजा र यज्ञ गर्नाले असल गतिलाई दिने आफ्नो परम भक्तिलाई दिने यस्ता श्रीहरि भगवानले मलाई रक्षा गरुन्॥ १२१॥

॥ इति श्रीगरुडपुराणे सारोद्धारे नेपाली भाषा टीकायां षोडशोऽध्याय:॥ १६॥

* अथ माहात्म्य *

श्रीभगवानुवाच —

इत्याख्यातं मया तार्क्ष्य सर्वमेवौर्ध्वदेहिकम्। दशाहाभ्यन्तरे श्रुत्वा सर्वपापै: प्रमुच्यते॥ १॥
इदं चामुष्मिकं कर्म पितृमुक्तिप्रदायकम्। पुत्रवाञ्छितदं चैव परत्रेह सुखप्रदम्॥ २॥
इदं कर्म न कुर्वन्ति ये नास्तिकनराधमा:। तेषां जलमपेयं स्यात्सुरातुल्यं न संशय:॥ ३॥
देवता: पितरश्चैव नैव पश्यन्ति तद्गृहम्। भवन्ति तेषां कोपेन पुत्रा: पौत्राश्च दुर्गता:॥ ४॥

श्रीभगवान् आज्ञा गर्नु हुन्छ — हे गरुडजी! यो सबै उर्ध्व देह सम्बन्धी कथा तिमीलाई भनें। यसलाई दश दिन भित्रमा सुन्नाले सम्पूर्ण पापहरूदेखि मुक्त हुन्छ॥ १॥ यो यस लोकको धर्म हो, पितृहरूलाई मुक्ति दायक भयेको छोरालाई इच्छा पूर्ण गर्ने यसलोक र परलोकमा पनि सुख दिने भयेको छ॥ २॥ जुन मनुष्यहरू यो कर्म गर्दैनन्, ती नरहरूमा अधम र नास्तिक हुन्। तिनीहरुको जलपान न गर्नु, किनभने तिनले छोयेको जल रक्सि समान हुन्छ, यस्मा सन्देहै छैन॥ ३॥ देवताहरू, पितृहरू पनि त्यस घरलाई हेर्दै हेर्दैनन्। तिनीहरूका रीसले पुत्र पौत्रहरू दु:खी दरिद्री हुन्छन्॥ ४॥ ब्राह्मणहरू, क्षत्रियहरू, वैश्यहरू, शूद्रहरू, अरूहरू पनि प्रेत कर्म न

ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्चैवेतरेऽपि च। ते चाण्डालसमा ज्ञेयाःसर्वे प्रेतक्रियां विना॥ ५॥
प्रेतकल्पमिदं पुण्यं शृणोति श्रावयेच्च यः। उभौ तौ पापनिर्मुक्तौ दुर्गतिं नैव गच्छतः॥ ६॥
मातापित्रोश्च मरणे सौपर्णं शृणुते तु यः। पितरौ मुक्तिमापन्नौ सुतः सन्ततिमान्भवेत्॥ ७॥
न श्रुतं गारुडं येन गयाश्राद्धं च नो कृतम्। वृषोत्सर्गः कृतो नैव न च मासिकवार्षिके॥ ८॥
स कथं कथ्यते पुत्रः कथं मुच्येदृणत्रयात्। मातरं पितरं चैव कथं तारयितुं क्षमः॥ ९॥

गर्नाले सबै चाण्डाल जत्तिकै हुन्छन् भनि जान्नु॥ ५॥ यो प्रेत कल्प कस्तो छ भने पवित्र भयेको, जो सुन्दछ- सुनाउँदछ ती दुवै जना पापले मुक्त भई सुगतिमा प्राप्त हुन्छन्॥ ६॥ माता पिता मरेमा जसले गरुड पुराणको (प्रेतकल्प) सुन्दछ, तिनका माता-पिता मुक्तिमा प्राप्त हुन्छन्। तेस्को छोरो सन्ततिमान हुन्छ॥ ७॥ जस्ले यो प्रेतकल्प सुनेन, गया श्राद्ध पनि गरेन, वृषोत्सर्ग पनि गरेन, मासिक, वार्षिकहरू पनि गरेन भने त्यसलाई कसरी छोरो भन्नु त्यो कसरी तीन ऋणबाट मुक्त हुन्छ? माता पितालाई पनि कसरी तार्न (उद्धार) गर्न समर्थ हुन्छ?॥ ८-९॥ तस्मात् के गरोस् भने कुनै उपायले पनि गरुड पुराण सुन्नै योग्य छ। धर्म, अर्थ, काम, मोक्ष हरूको

तस्मात्सर्वप्रयत्नेन श्रोतव्यं गारुडं किल। धर्मार्थकाममोक्षाणां दायकं दुःखनाशनम्॥ १०॥
पुराणं गारुडं पुण्यं पवित्रं पापनाशनम्। शृण्वतां कामनापूरं श्रोतव्यं सर्वदैव हि॥ ११॥
ब्राह्मणो लभते विद्यां क्षत्रियः पृथिवीं लभेत्। वैश्यो धनिकतामेति शूद्रः शुद्ध्यति पातकात्॥ १२॥
श्रुत्वा दानानि देयानि वाचकायाखिलानि च। पूर्वोक्तशयनादीनि नान्यथा सफलं भवेत्॥ १३॥
पुराणं पूजयेत्पूर्वं वाचकं तदनन्तरम्। वस्त्रालंकारगोदानैर्दक्षिणाभिश्च सादरम्॥ १४॥

दाता दुःख नाश गर्ने हुनाले यो अवश्य सुनुन्॥ १०॥ यो पुराण कस्तो हो भने पुण्यलाई दिने, पवित्र भयेको, पापलाई नाशगर्ने सुन्नेहरूलाई मनोरथ पूर्ण गर्ने (भयेकाले) अवश्य सधैं सुन्नु पर्छ॥ ११॥ (अरू सुन्ने हरूले) ब्राह्मण भये विद्या पाउँदछ, क्षत्रिय छ भने पृथ्वीको पालन गर्ने हुन्छ, वैश्य छ भने धनी हुन्छ शूद्र चाँहीं पनि अनेक पातकदेखि शुद्ध हुन्छ॥ १२॥ अब सुनेर वाचक (पुराण भन्ने पण्डितलाई) लाई धनहरू पूर्वोक्त शैय्याका सम्पूर्ण सरजामहरू दिनु नत्र सफल हुँदैन॥ १३॥ पहिले पुराणलाई पूजा गरोस् वहाँ पछि वाचकलाई वस्त्र गहना गोदान दक्षिणाहरूले आदर पूर्वक पूजा गरोस्॥ १४॥ अन्नदान, सुवर्णदान, भूमि दानहरू गरे पुण्य-फल

अन्नैश्च हेमदानैश्च भूमिदानैश्च भूरिभिः। पूजयेद्वाचकं भक्त्या बहुपुण्यफलाप्तये॥ १५॥
वाचकस्यार्चनेनैव पूजितोऽहं न संशयः। सन्तुष्टे तुष्टितां यामि वाचके नात्र संशयः॥ १६॥

॥ इति श्रीगरुडपुराण श्रवणफलम्॥

पाउनाका निम्ति भक्ति पूर्वकले गरी पूजा गरोस्॥ १५॥ हे गरुडजी! वाचकको पूजा गर्नाले नै मेरो पूजा गरीयो। यस्मा सन्देह न मान, किन भने वाचक सन्तुष्ट हुनाले म सन्तुष्ट हुन्छु, यस्मा कुनै कुराको शंकै छैन। श्री विष्णु भगवानले आज्ञा गर्नु भयो तस्मात् पुराण भन्नेलाई विशेष गरी सम्मान पूर्वक शक्तिको साध्यदान पुण्य गरोस्, किन भने शास्त्रहरूमा वित्तशाठ्य न गरोस् भनेको छ॥ १६॥

॥ इति श्रीगरुडपुराणे श्रवणफलम् नेपाली भाषा टीकायां सम्पूर्णम्॥

॥ शुभम् भूयात्॥